## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४६ औं** | **मिति : २०८१/११/२३**

आज मिति २०८१ साल फाल्गुण २३ गते शुक्रबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मुन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४६ औं मिति : २०८१/११/२३

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८१ माघ ३० गते बुधबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

व्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३**

माङसेबुङ गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर संचालनको निमित्त कार्यविधिको आवश्यक पर्ने भएकोले कार्यालयबाट तयार भई पेश भएको माङसेबुङ गाउँपालिकाको व्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

कृषि व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ संशोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४**

यस माङसेबुङ गाउँपालिकाको कृषि व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ को दफा १३ पछि निम्न बमोजिमको दफा १३(क) थप गर्ने ।

दफा १३(क) व्यवसाय बन्द गर्न पाउने सम्बन्धी व्यवस्था- कुनै पनि व्यवसायीले आफूले गर्दै आएको व्यवसाय बन्द गर्न चाहेमा देहायका कागजात सहित व्यवसाय बन्द गर्नको लागि अनुसूचि-३ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ र निवेदन बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरी व्यवसाय बन्द गरिदिन सक्नेछ ।

(क) व्यवसाय बन्द गरिपाउँ भन्ने व्यहोराको निवेदन ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति ।

(घ) वडा कार्यालयको सिफारिस ।

(ङ) गाउँपालिकामा बुझाउन वा तिर्नपर्ने कर, शुल्क, दस्तुर, जरिवाना वा यस्तै प्रकारका अन्य कुनै पनि दायित्व चुक्ता गरेको प्रमाण ।

कृषि व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ को दफा १३ (क) पछि निम्न बमोजिमको दफा १३(ख) थप गर्ने ।

१३(ख) व्यवसाय नामसारी सम्बन्धी व्यवस्था-कुनै पनि व्यवसायीले आफूले दर्ता गरी संचालन गर्दै आएको व्यवसाय एकाघरका कुनै पनि व्यक्तिलाई नामसारी गरिदिन चाहेमा र अर्को व्यक्तिले पनि नामसारी गरिलिन चाहेमा देहायका कागजात समेत संलग्न राखी निवेदन दिन सक्नेछ र सो बमोजिम कार्यालयले नामसारी गरिदिन सक्नेछ ।

(क) नामसारी गरिलिनेको निवेदन ।

(ख) दुवै जनाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति ।

(घ) नामसारी गरिदिनेको मञ्जुरीनामा ।

(ङ) वडा कार्यालयको सिफारिस ।

(च) गाउँपालिकामा बुझाउन वा तिर्नपर्ने कर, शुल्क, दस्तुर, जरिवाना वा यस्तै प्रकारका अन्य कुनै पनि दायित्व चुक्ता गरेको प्रमाण ।

**प्रस्ताव नं. ५**

नेपाल नेत्रज्योति संघ जिल्ला शाखा इलामसँगको सहकार्यमा "स्वस्थ आँखा सुन्दर संसार" कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ५**

नेपाल नेत्रज्योति संघ जिल्ला शाखा इलामको मिति:२०८१।०७।२६ च.नं. ६१ को पत्रबाट माङसेबुङ गाउँपालिकाको सहकार्यमा गाउँपालिकाको सबै वडाका ४० वर्ष माथिका समुदाय र सबै विद्यायका विद्यार्थीहरुको लागि आँखा तथा कान जांच गर्ने गरी "स्वास्थ्य आँखा सुन्दर संसार" कार्यक्रम संचालनको लागि प्रस्ताव प्राप्त भएको र उक्त कार्यक्रम संचालन अवधिभरका लागि आँखा तथा कान जाँच गर्ने प्राविधिकहरुलाई खाजा, खाना र वस्नको लागि सहयोग समेत माग भई आएकोमा उक्त प्रस्ताव बमोजिम नेपाल नेत्र ज्योति संघ जिल्ला शाखा इलामसँगको सहकार्यमा उक्त कायक्रम संचालन गर्ने र आँखा तथा कानको जांच गर्न खटिने प्राविधिकहरुको सामान्य खाजा,खाना तथा बासको रकम विविध कार्यक्रम खर्च शीर्षकबाट भूक्तनी दिने निर्णय गरियो । साथै माङसेबुङ गाँउपालिका स्वास्थ्य शाखाको मिनि: २०८१।११।२२ को पत्र बाट समुदाय स्तरमा सञ्चालन गरिने शिविरमा नेपाल नेत्र ज्योति संघ इलाम बाट खटिने

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक



**बैठक संख्या : ४६ औं** **मिति : २०८१/११/२३**

प्रविधिकलाई आवश्यक सहयोगका लागि कम्तिमा पनि दुई जना महिला स्वास्थ्य स्वयम सेवीका र एक जना स्वास्थ्यकर्मी कर्मचारी समेत खटाउनु पर्ने भएकोले निजहरुको लागि समेत चिया नास्ता र खानाको व्यवस्था गरिदिन मागभई आएको हुँदा निजहरुको लागि समेत चिया नास्ता र खानाको व्यवस्था गर्ने र सोको रकम विविध कार्यक्रम खर्च शिर्षक बाट भूक्तानी दिने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत